# चेष्ट नेपालको स्थापना र लक्ष्य प्राप्तीमा एक पाइला अगाडि

# Community Health Education Services by Telehealth (C.H.E.S.T.) Nepal



- ऋषि सापकोटा

त्यस वखत लगभग १५ वर्ष अवधिको मेरो प्रा.डा. अनिल कुमार भाज्यूसँगको परिचय र संगै काम गर्ने सिलसिलामा धेरै पटक समाजमा हामीले गर्नुपर्ने तर गर्न नसकिएका विषयमा चर्चा भइरहने गर्थ्यो । हाम्रो भेट २०५० सालतिर तत्कालिन ओम नर्सिङ्ग होम कमलपोखरीमा भएको हो । कुरा गर्नु र काम गर्नु दुई भिन्न चिज रहेछ । कुरा धेरै भइरहन्थ्यो तर काम भएको थिएन ।

यसैबीच सन २००९ (वि.सं २०६६) सालको मध्यतिर प्रा. डा. अनिल कुमार भाज्यूको अगुवाइमा तथा डा. महावीर पुन, डा. महेश शाह, डा. यु. एन. पाठक, डा. चन्द्रकान्त पौडेल, डा. रामभद्र अडिगा, श्री ज्ञानशालि घिमिरे, श्री विपिन देव र म समेत समावेश भई C.H.E.S.T. Nepal संस्था बनिसकेको थियो । कानूनी सल्लाहाकारको भुमिकामा श्री राम प्रसाद पोखरेल रहनुभयो । C.H.E.S.T. Nepal का हरेक सदस्य आ-आफ्नो क्षेत्रमा ख्याति कमाइसकेका व्यक्तिहरूमा समानता चाहि एउटै थियो र छ, त्यो हो निश्वार्थ भावले समाजमा रहेका सुविधा विहीन नेपालीहरूलाई यथासम्भव सेवा प्रदान गर्ने । अरुलाई हानी पुऱ्याएर आफ्नो फाइदा गर्ने होइन, अरुको हितमा काम गर्न नसकेता पनि अरुको हानी नोक्सानी नगर्ने ।

संयोगवस त्यसवखत प्रा. डा. अनिल कुमार भाज्यूको सम्पर्कबाट विश्वमा ख्याती कमाईसकेका छालारोगसँग सम्वन्धित प्रा.डा. गुन्टरवर्गले नेपाल मेडिकल कलेज (जहाँ म र प्रा. डा. अनिल कुमार भाज्यूसँगै काम गर्थ्यौं) मा भ्रमण गरी MBBS पढ्ने विद्यार्थीलाई आफ्नो ज्ञान र अनुभव बाँढेर फर्किंदा त्यहाँ अध्ययनरत विद्यार्थीहरूलाई कम्प्यूटरमा Internet चलाउन सजिलो होस भनी स्विट्जरल्याण्डमा केही रकम संकलन गरी नेपाल मेडिकल कलेजमा रकम पठाइ त्यसबाट Laptop हरू खरिद गर्ने र विद्यार्थीलाई सुविधा प्रदान गर्ने भन्ने भएको रहेछ । पछि कलेजले सो रकम सिधै लिन मानेन । त्यस बीच C.H.E.S.T. Nepal ले रकम लिई कम्प्युटर ल्यापटप किनेर दिने भन्ने सहमती भयो । तर त्यही बीचमा ल्यापटप किनेर शहरका सुविधा सम्पन्न विद्यार्थीलाई दिनु भन्दा सो रकमबाट नेपालका गाउँमा रहेका सर्वसाधारणलाई सेवा दिने कार्यमा खर्च गर्न सके उचित हुने महशुसभई प्रा.डा. गुन्टरवर्गलाई C.H.E.S.T. Nepal का तर्फबाट अनुरोध गर्दा उहाँले सहर्ष स्विकार गर्नुभयो । यतिवेलासम्ममा DI Skin Hospital And Research Center (DISHARC) को स्थापना भैसकेको थियो । त्यही रकमबाट सम्बन्धित क्षेत्रमा ख्यातिप्राप्त डा. महावीर पुन (C.H.E.S.T. Nepal का उपाध्यक्ष समेत हुनुहुन्छ) बाट नुवाकोटको गेर्खुटारमा क्यामरा जडान गरी C.H.E.S.T. Nepal को भगिनि संस्था DI Skin Hospital का साथै नेपाल मेडिकल कलेजमा एकसाथ Teledermatology सेवा आरम्भ गरियो । यो सेवाबाट व्यवसायिक लाभ नहुने भएकोले केही समय पश्चात नेपाल मेडिकल कलेजबाट दिइएको सेवा वन्द भयो । तर DI Skin Hospital बाट सेवा निरन्तर भएकोले नुवाकोटको गेर्खुटार वासीहरूलाई भने लाभ भयो ।

DI Skin Hospital बाट निरन्तर सेवा प्रदान गर्नमा डा. दिपेन्द्र गुरुङको विशेष योगदान रहेको थियो । डा. दिपेन्द्र गुरुङ, (जो DI Skin Hospital को पहिलो हस्पिटल डाइरेक्टर भएर ४ वर्षसम्म कार्यरत रहनुभयो) प्रा. डा. अनिल कुमार भाज्यूको पहिलो रोजाईको आफ्नो विद्यार्थी जोसँग मिलेर नेपालमा छालारोग अस्पताल वनाउने योजना वनाउनु भएको थियो र त्यही योजना अनुसार नै अस्पताल वनेको थियो- नेपालको पहिलो छालारोगको अस्पताल DI Skin Hospital । यद्यपि छालारोग अस्पतालकालागि चाहिने सम्पूर्ण पुर्वाधार पुरा नभएको भएपनि छालारोग मात्रको पनि केन्द्र संचालन हुनसक्छ, जहाँ दशौं जना छालारोग विशेषज्ञ कार्यरत रहन सक्छन भनेर चेतना दिने श्रेय यदि कसैलाई जान्छ भने प्रा. डा. अनिल कुमार भाज्यूलाई जान्छ । यद्यपी हालसम्म सरकारले यो देशमा छालारोग सम्बन्धी कस्तो अस्पताल वा अध्ययन केन्द्र चाहिन्छ भन्ने निति तथा मापदण्ड वनाएको छैन । आशा गरौं निकट भविष्यमा बन्ला ।

पछि C.H.E.S.T. Nepal मा डा. हरिनारायण गुप्ता, श्री राजेन्द्र श्रेष्ठ, डा. रामचन्द्र अधिकारी, डा. विजय श्रेष्ठ, डा. सृष्टि श्रेष्ठ, डा. चाँदनी खरेल लगायत सदस्यहरू थपिनु भएको छ ।

## गेर्खुटार नै किन ?

C.H.E.S.T. Nepal को स्थापना पछि यसले देशको कुन ठाउँमा कसरी सम्पर्क गर्ने भन्ने निर्णय भएको थिएन । यसै बीच यस संस्थाका सदस्य डा. चन्द्रकान्त पौडेल (जो नुवाकोटमा लामो समयसम्म शिक्षण पेशामा संलग्न हुनुहुन्थ्यो) को आफ्नो सम्पर्कबाट यो संस्था नुवाकोटको गेर्खुटार पुगेको हो । त्यहाँ पुगिसकेपछि श्री नारायण वहादुर पाण्डे, श्री रामहरि पाण्डे तथा श्री राम प्रसाद प्याकुरेल लगायतका श्री सूर्योदय सामाजिक क्लव अन्तर्गत गठित टेलीमेडिसिन समन्वय समिति, गेर्खुटार नुवाकोटसँग आवद्ध सम्पूर्ण सदस्य परिवारको सहयोग तथा हामी प्रति देखाउनु भएको सद्भावकालागि C.H.E.S.T. Nepal सधै आभारी रहि रहनेछ । यहिबाट यस संस्थाले केही सफलता र ठूलो शिक्षा तथा अनुभव प्राप्त गऱ्यो ।



पछि डा. गुन्टरवर्ग स्वयम् नेपालमा आउँदा उहाँलाई समेत गेर्खुटार भ्रमण गराई उहाँकै हातबाट IT Training Certificate वितरण गराइयो । यसबाट डा. गुन्टरवर्ग तथा उहाँको धर्मपत्नी डा. डोरिस वर्ग ज्यादै प्रभावित तथा उत्साहित हुनुभयो । पछि हामीले थाहा पायौं त्यहि तालिमको सीप प्रयोगगरी केही सदस्यहरूले आय उपार्जन समेत गरिरहेका छन् । यो हाम्रालागि खुशिको कुरा हो । C.H.E.S.T. Nepal को विशुद्ध सामाजिक सेवालाई सहयोग पुऱ्याउनमा C.H.E.S.T. Nepal तथा DI Skin Hospital सँग आवद्ध सवै सदस्यहरूको प्रत्यक्ष तथा अप्रत्यक्ष योगदान सदा स्मरणीय रहनेछ । नुवाकोट जिल्लाको गेर्खुटार क्षेत्रमा संचालित यस नमूना कार्यक्रम (Model Project) को सफलता पछि देशका अन्य क्षेत्रमा यस कार्यक्रमको मौलिक पहिचान सहित Gerkhutar Model of Community Devlopment का रुपमा विस्तार गर्ने उद्देश्य राखिएको थियो । गेर्खुटारसँग भएको सम्झौतामा उल्लेख भएको मुख्य वुँदाहरू यहाँ उल्लेख गर्न सान्दर्भिक ठान्दछु । ति यस प्रकार थिए ।




## Gerkhutaar Model of Community Development

मिति २०६६ साल पौष महिनाको ४ गते नुवाकोट जिल्लाको गेर्खुटार क्षेत्रका वासिन्दाहरूको शिक्षा, स्वास्थ्य तथा अन्य व्यवहारिक/व्यवसायिक ज्ञानका माध्यमबाट समग्र विकासको उद्देश्य पुरा गर्न साझेदारीका रुपमा एकवद्ध प्रयासकालागि संचालित कार्यक्रमहरू सफल वनाउन आपसी सम्झौता भयो । C.H.E.S.T. Nepal र DI Skin Hospital का IT Consultant श्री भगिरथ तिवारीको अनवरत प्रयास र योगदानबाट गेर्खुटारका शिक्षक, सामाजिक व्यक्तित्व लगायत विद्यार्थीहरूलाई आधारभुत कम्प्युटर सम्बन्धी शैद्धान्तिक र गेर्खुटार गएरै व्यवहारिक तालिम समेत दिलाई

१) Tele (Equipment) उपकरणबाट यस क्षेत्रका आम वासिन्दाहरूमा शिक्षा, स्वास्थ्य तथा अन्य व्यवहारिक/व्यवसायिक ज्ञानमुलक कार्यक्रम संचालन गर्न सहयोग गर्ने ।

२) समग्र आर्थिक र सामाजिक स्तर उन्नती गरी राष्ट्रिय

स्तरमा यस क्षेत्रको पहिचान बनाउन यस क्षेत्रको माग तथा आवश्यकता पहिचानगरी सोही अनुसार कार्यक्रम निर्माणगरी कार्यान्वयन गर्ने ।

३) यस क्षेत्रलाई लक्षितगरी कार्यक्रम निर्माण गर्न आवश्यक साधन श्रोत जुटाउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्था वा ब्यक्तिसँग आवश्यक पत्राचार गर्ने र आवश्यक श्रोत जुटाउन पहल गर्ने ।

४) यस क्षेत्रमा संचालित कार्यक्रमलाई आवश्यक पर्ने सम्पूर्ण प्राविधिक तथा विशेषज्ञको ब्यवस्था गर्ने गराउने ।

यस क्षेत्रमा संचालित कार्यक्रमहरू कुनै धार्मिक, राजनीतिक वा अन्य कुनै सामाजिक कुरीतिहरूबाट अलग राखी केवल मानवीय सेवा र सुविधाको उद्देश्यबाट संचालन गर्न सहयोग गर्ने ।



६) शिक्षा, स्वास्थ्य तथा अन्य व्यवहारिक/व्यवसायिक ज्ञान सम्बन्धी संचालित कार्यक्रमहरूको निरन्तरता र स्थायित्वको लागि एवं संचालित कार्यक्रममा यस क्षेत्रका बासिन्दाको बढी सहभागिताका लागि Ownership को भावना पैदा गर्न यस क्लब तथा याससँग सम्बन्धित समितिले निर्धारण गर्ने शुल्कको सम्बन्धित निकाय तथा संस्थाकालागि व्यवहारिक बाँडफाँड गर्न सहयोग गर्ने । बेलाबेलामा संचालन हुने तथा थप हुने कार्यक्रमको व्यवहारिक शुल्क निर्धारण गर्ने वा गर्न सहयोग गर्ने ।

## C.H.E.S.T. Nepal को दोश्रो गन्तब्य जनकपुर, बभनगामा



C.H.E.S.T. Nepal का अध्यक्षज्युको शुरुदेखिको चाहना अनुसार यस संस्थाले देशको हिमाल, पहाड र तराई तीनै क्षेत्रमा सेवा पुऱ्याउने लक्ष्य अनुरुप दोश्रो गन्तव्यको रुपमा जनकपुरको बभनगामामा रहेको श्री तृपुर सुन्दरी माँ भगवती स्वास्थ्य समितिसँगको सहकार्यमा २०६९ सालमा सम्बन्ध स्थापना गरियो । त्यस समितिसँग आवद्ध पदाधिकारीहरूमा स्व. श्री सत्यनारायण झा, श्री राजेश झा, श्री विजय कुमार मण्डलको अत्यन्तै ठूलो सहयोगबाट त्यस स्थानमा रहेका आम सर्वसाधारण मान्छेहरूलाई हालसम्म स्वास्थ्य सेवा प्रदान गरी राखिएको छ । हाल यस समितिका अध्यक्ष श्री विजयकान्त झाज्यू हुनुहुन्छ । उहाँको प्रशासनिक र व्यवस्थापनमा रहेको लामो र उच्च दक्षताबाट यस स्थानमा अझ राम्रो सेवा सुचारु हुने दृढ विश्वास छ ।

यहाँ Internet सम्पर्क स्थापनाका लागि Subisu Cablenet Pvt. Ltd. तथा यसका प्रमुख निर्देशक श्री विनय साउद लगायत सम्पूर्ण सुविसु परिवारको ठूलो योगदान रहेको छ । यहाँ स्वास्थ्य सेवा प्रदान गर्नमा प्रा. डा. अनिल कुमार झाज्यूको सार्थक भुमिकाका साथै डा. दिपेन्द्र गुरुङ्ग, डा. महेश शाह, डा सागरमणी झा, डा. प्रविण अधिकारी लगायतको योगदान रहि आएको छ ।

## C.H.E.S.T. Nepal को तेश्रो गन्तब्य पर्वत जिल्लाको मुदिकुवा

२०७१ साल मंसिरमा यस स्थानमा पनि सम्पर्क स्थापित भई प्रारम्भिक कार्यहरू अगाडि बढिरहेका छन् । यहाँको सम्पर्ककालागि श्री किरणलाल श्रेष्ठ, श्री गोपि अधिकारी, श्री प्रेम शर्मा, श्री ज्ञानबहादुर पौडेल तथा श्री हिम बहादुर पौडेल लगायतको अत्यन्तै सहयोगी र समाजका लागि केही गरौ भन्ने जोशिलो भावनाले हामीलाई निकै हौस्याएको छ । यहि मुदिकुवाको पहिलो सर्वेक्षण भ्रमणका अवसरमा हाम्रो भ्रमणटोलीमा समावेश हुनुभएका IT Businessman एवं C.H.E.S.T. Nepal का सक्रिय सदस्य श्री यादव पोखरेलले अत्यन्तै उत्साहपुर्वक यहाँको स्थानीय विद्यालयलाई दुइसेट कम्प्यूटर प्रदान गर्नुले हामीलाई थप उत्साहित बनाएको छ र हामीप्रति गाउँका जनताहरूमाझ विश्वास बढाएको हामीले महशुस गरेका छौ । यस भ्रमणमा C.H.E.S.T. Nepal का IT Consultant श्री भगिरथ तिवारीको योगदान उल्लेखनीय छ ।

यसै बीच स्विट्जरल्यान्डमा रहनुभएका प्रा. डा. गुन्टर वर्गसँग निरन्तर सम्पर्क रहिरहेको र उहाँले पनि नेपालमा C.H.E.S.T. Nepal मार्फत के गर्न सकिन्छ भनेर धेरै प्रयास गरिरहनु भयो । उहाँले स्विट्जरल्यान्डको रोटरी क्लबबाट केही रकम जम्मा गर्ने र नेपालको रोटरी क्लब मार्फत संयोजन गरी नेपालमा स्वास्थ्य, शिक्षा र सीपमूलक तालिममा सहयोग गर्ने तिब्र प्रयास गरिरहनु भयो । यसै सिलसिलामा गत सन् २०१४ को नोभेम्बर १८ मा उहाँको नेतृत्वमा अन्य ३ जना व्यक्तिहरू (डा. डोरिस, श्री पिटर, श्री मार्कस) नेपाल आई नुवाकोटको गेर्खुटार, पर्वतको मुदिकुवा र जनकपुरको बभनगामा भ्रमण गर्नुभयो । यो भ्रमणलाई सफल बनाउन C.H.E.S.T. Nepal का अध्यक्ष प्रा. डा. अनिल कुमार झाज्यू, श्री विपिन देव, श्री आशिष मानन्धर, श्री यादव पोखरेल र श्री कुमार भट्टराईको विशेष योगदान रह्यो । यसपटकको भ्रमणको ३ वटा उद्देश्यहरू थिए ।

१) हालसम्म भएको कार्य प्रगतिको स्थलगत निरिक्षण गर्ने ।
२) स्थलगत भ्रमण पछि आउने दिनमा गर्ने कार्यहरूको बारेमा योजना तयार गर्ने ।
३) नेपालका रोटरी क्लबसँगै सहकार्य गर्ने ।

नेपालका रोटरी क्लबसँगै सहकार्य गर्ने उद्देश्य बाहेक अन्य उद्देश्यमा उहाँहरूको भ्रमण सफल रुपमा सम्पन्न भयो । प्रा. डा. गुन्टरवर्गले प्रस्तावित ३ वटा गाउँमा आगामी १ वर्षका लागि टेलिहेल्थ र अन्य केही सीप विकासका काममा सहयोग गर्ने वचन दिनु भएको छ । प्रा. डा. अनिल कुमार झाज्यूको नेतृत्वमा सम्पूर्ण C.H.E.S.T. Nepal Team यस क्षेत्रमा कटिबद्ध भएर लगेको छ । आशा छ आगामी दिनहरूमा सत्प्रयासको केही मिठो फल नेपाली समाजले पाउने नै छ ।

यस कार्यक्रममा दुई देशका दुई विशिष्ठ व्यक्तित्वको अनवरत प्रयास र सो मनस्थितिलाई बुझेर अगाडि बढ्न सक्ने समूह भएकोले यसको प्रयासबाट नेपाली समाजले केही न केही सकारात्मक परिणाम पाउनेमा मलाई विश्वास लागेको छ । ति व्यक्तिहरूमा नेपालबाट प्रा. डा. अनिल कुमार झाज्यू (खुला मनले सहयोग गर्ने भावना, आफ्नो क्षेत्रमा उत्कृष्ट क्षमता, सीप र ज्ञान भएको, बोलेको कुरा अविलम्ब अक्षरस पुरा गर्ने बानी, कसैले कुनै कुराको अवरोध गरेमा पनि कलियुगको विशेषता भनी सहज रुपमा लिने) र स्विट्जरल्याण्डबाट प्रा. डा. गुन्टरवर्ग (विश्वस्तरको ज्ञान र अनुभव भएको संसार प्रसिद्ध व्यक्तित्व, अरुलाई जहिले पनि सहयोग गर्न तत्पर, कुनै पनि कुराको विकास विस्तारै तर निरन्तर गर्नुपर्छ भन्ने दृढ विश्वास, काम र निर्णय गर्दा अत्यन्तै लचकदार धैर्यताका खानी नै भन्नुपर्छ ।) हुनुहुन्छ । C.H.E.S.T. Nepal को अध्यक्ष प्रा. डा. अनिल कुमार झाज्यूको देशको ग्रामिण विकासको बारेमा रहेको बेग्लै अवधारणा अनुसार गाउँका मान्छे सधैं शहरमा जाने बाध्यतालाई कम गर्न मात्र नभई देशको राजधानीमा रहेको विशेषज्ञ सेवा कुनै खास गाउँमा प्राप्त भएमा जिल्ला सदरमुकामका मान्छे पनि त्यस गाउँमा जाने बाध्यता वा आवश्यकता उत्पन्न भई गाउँमा आर्थिक, सामाजिक गतिविधि बढ्न जाने र प्रत्यक्ष परोक्ष रुपमा गाउँको विकासमा सहयोग पुग्ने भएकोले C.H.E.S.T. Nepal को संयोजकत्वमा भैरहेको र भविष्यमा हुने थप सेवाबाट समग्र समाजमै सकरात्मक प्रभाव पर्ने देखिन्छ ।

माथि उल्लेख भएका सबै कार्यहरू सत प्रतिशत नै भई सकेका छैनन् । तर निश्चय पनि यो सोच सहि रहेछ भन्ने दिशामा एक पाइला चाहि अगाडि बढिएको छ । काम गर्दै सिक्दै जाने सिलसिलामा धेरै कुरा सिकिएको छ, बुझिएको छ । आपसी प्रेम र विश्वास बढेको छ । एकको अर्कोमाथि भरोसा छ । यहि भरोसा नै उपलब्धी हो । यो उपलब्धी जोगाउनु नै चुनौती हो । यो चुनौती स्विकार गर्न C.H.E.S.T. Nepal Team सक्षम र तयार छ । किनकि यसमा निजि स्वार्थ छैन । जहाँ निजि स्वार्थ हुन्न, त्यहाँ हार्ने र गुमाउने केही नहुने भएकोले यसमा जित निश्चित छ । त्यसैले हाम्रो सफलता निश्चित छ ।

समाप्त !